# अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आई एस ए) को स्थापना सम्बन्धमा संरचना सम्झौता

हामी, यस सम्झौताका पक्षहरु,

नोभेम्बर ३०, २०१५ को अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्बन्धी पेरिस घोषणा र वित्त र प्रविधिको लागत घटाउन आवश्यक पर्ने संयुक्त प्रयासको साझा महत्वाकांक्षा पूरा गर्न, सन् २०३० सम्म सौर्य उर्जाको व्यापक प्रयोगको लागि आवश्यक पर्ने अमेरिकी डलर १००० अरब भन्दा बढीको लगानी परिचालन गर्न र भविष्यमा प्रयोग हुने प्रविधि अनुकूल मार्ग निर्देश गर्ने कुरालाई स्मरण गर्दै,

कर्कट रेखा र मकर रेखाको बीचमा पूर्ण रुपमा वा आशिंक रुपमा पर्ने सौर्य उर्जा स्रोतमा धनी राष्ट्रहरुलाई तिनका जनतालाई सौर्य उर्जाले प्रदान गर्ने सम्बृद्धि, उर्जा सुरक्षा र दिगो विकासमा पु-याउने अभूतपूर्व अवसरलाई आत्मसात गर्दै,

यी राष्ट्रहरुमा तीब्र र ठूलो मात्रामा सौर्य उर्जा अभिवृद्धि गर्ने सवालमा खास र साझा व्यवधानहरु रहेको कुरालाई स्वीकार गर्दै,

सौर्य स्रोतमा धनी राष्ट्रहरुले बलियो राजनीतिक अठोटका साथ समन्वयात्मक ढंगले काम गरेमा उक्त व्यवधानहरु सम्बोधन गर्न सकिने र ती राष्ट्रहरुमा सौर्य वित्त, प्रविधि, नवप्रवर्तन वा क्षमता विकास समेतको मागलाई समग्रमा अझ राम्रो सँग मिलाउन सकेमा त्यसले सबैको पहुँचमा कम लागतमा, उच्च गुणस्तरको भरपर्दो र किफायती सौर्य उर्जा उपलब्ध गराउन सकिने कुरालाई पुनर्पुष्टि गर्दै,

आफूहरु बीचमा समन्वय र निर्णय निर्माण गर्नका लागि एउटा प्रभावकारी संयन्त्र स्थापना गर्ने चाहनाले एकबद्ध भई,

देहाय बमोजिम गर्न सहमत भएका छन्ः

## धारा १

## उद्देश्य

पक्षहरुले एक अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (यहाँ यस पछि "आई एस ए" भनिएको) स्थापना गरेका छन् जसमार्फत उनीहरुले आफ्ना आवश्यकता अनुरुप सौर्य उर्जाको अभिवृद्धि गर्ने साझा चुनौतीलाई संयुक्त रुपमा सम्बोधन गर्नेछन् ।

## धारा २

## मार्गदर्शक सिद्धान्त

१. पक्षहरुले स्वेच्छिक रुपमा कार्यक्रम र क्रियाकलापहरु मार्फत सौर्य लगानी, सौर्य प्रविधि, नवप्रवर्तन, अनुसन्धान र विकास तथा क्षमता अभिवृद्धि समेतको सामञ्जस्यता र समग्र माग अभिवृद्धिका लागि समन्वयात्मक रुपमा काम कारवाही अगाडि बढाउने छन् ।

२. यस प्रयासमा पक्षहरुले सम्बद्ध संस्थाहरु, सार्वजनिक र निजी सरोकारवालाहरु र गैरसदस्य राष्ट्रहरुसँग आपसी हित हुने गरी सम्बन्ध विस्तार गर्न सहकार्य गर्नेछन् ।

३. प्रत्येक सदस्यले आई एस ए अन्तर्गतको संयुक्त कार्यबाट लाभ अपेक्षा गरिएका सौर्य अनुप्रयोगको साझा विश्लेषणात्मक चित्राङ्कनका आधारमा देहायका विषयका सम्बद्ध सूचना आदानप्रदान तथा अद्यावधिक गर्नेछन् : सौर्य अनुप्रयोगको आवश्यकता र

उद्देश्य, यी उद्देश्य प्राप्त गर्न अवलम्बन गरिएका वा अवलम्बन गर्नुपर्ने घरेलु उपाय र पहलकदमी, मूल्य श्रृङ्खला र प्रचारप्रसार प्रक्रियामा देखिएका अवरोध । सहकार्यका सम्भावना उल्लेख गर्नका लागि सचिवालयले यी मूल्याङ्कनसँग सम्बन्धित डेटाबेस तयार गर्नेछ ।

४. प्रत्येक सदस्यले आई एस ए का लागि एक राष्ट्रिय सम्पर्क बिन्दु तोक्नेछ । राष्ट्रिय सम्पर्क बिन्दु आई एस ए का सदस्य राष्ट्रहरुको प्रतिनिधिहरुको एक स्थायी सञ्जाल हुनेछ । निजहरुले साझा चासोका क्षेत्रहरु पहिचान गर्न एक अर्कासँग र अन्य सान्दर्भिक सरोकारवालाहरुसँग समेत अन्तरक्रिया गर्नेछन्, कार्यक्रम प्रस्ताव तयार गर्नेछन् र आई एस ए को उद्देश्य कार्यान्वयनका लागि सचिवालयलाई सुझाव दिनेछन् ।

## धारा ३

## कार्यक्रम तथा अन्य गतिविधि

१. आई एस ए को कार्यक्रममा सचिवालयको सहयोगमा धारा १ र २ मा उल्लेखित उद्देश्य र मार्गदर्शक सिद्धान्त अगाडि बढाउन आवश्यक पर्ने सदस्यहरुले समन्वयात्मक ढंगले गर्नुपर्ने कार्यहरुको सूची, परियोजना र गतिविधिहरु समावेश हुनेछन् । कार्यक्रमहरु तयार गर्दा उच्चतम प्रभाव र सदस्यहरुको बढी भन्दा बढी सहभागिता सुनिश्चित हुने गरी गरिनेछ ।

२. कार्यक्रमको प्रस्ताव सचिवालयको सहयोगमा राष्ट्रिय सम्पर्क बिन्दुका बीचमा गरिने खुला परामर्शको माध्यमबाट र सदस्यहरुले उपलब्ध गराएको जानकारीका आधारमा तयार गरिनेछ । कुनै दुई सदस्यहरु वा सदस्यहरुको समूहले वा सचिवालयले कुनै

पनि कार्यक्रम प्रस्ताव गर्न सक्नेछ । सचिवालयले आई एस ए का सबै कार्यक्रमहरुमा एकरुपताको सुनिश्चितता गर्नेछ ।

३. सचिवालयले राष्ट्रिय सम्पर्क बिन्दुको सञ्जाल मार्फत कार्यक्रम सम्बन्धी प्रस्तावहरुको विद्युतीय प्रति वितरण गर्नेछ ।कम्तिमा दुई सदस्यहरुले समर्थन गरेमा र दुई भन्दा बढी सदस्यहरुले आपत्ति नगरेमा सदस्यता लिन इच्छुक सदस्यका लागि कुनै पनि कार्यक्रममा सम्मिलन हुन खुला हुनेछ।

४. कार्यक्रम प्रस्ताव सदस्यता लिन इच्छुक सदस्यहरुको संयुक्त घोषणा मार्फत औपचारिक रुपमा अनुमोदन गरिनेछ । कार्यक्रम कार्यान्वयन सम्बन्धमा सबै निर्णयहरु कार्यक्रममा सहभागी सदस्यहरुद्वारा लिइनेछ । उक्त कार्यक्रमहरु सचिवालय र प्रत्येक सदस्यद्वारा तोकिएका राष्ट्रिय प्रतिनिधिको निर्देशन तथा सहयोगमा सञ्चालन गरिनेछ ।

५. वार्षिक कार्ययोजनामा कार्यक्रमहरुको तथा आई एस ए को अन्य क्रियाकलापहरुको सिंहावलोकन हुनेछ । वार्षिक कार्ययोजना सचिवालयले सभा समक्ष पेश गर्नेछ जसले वार्षिक कार्ययोजना भित्रका सम्पूर्ण कार्यक्रम र क्रियाकलापहरु आई एस ए को समग्र उद्देश्य अन्तर्गत रहेको सुनिश्चित गर्नेछ ।

## धारा ४

## सभा

१. पक्षहरुले यस सम्झौताको कार्यान्वयन सम्बन्धमा निर्णय गर्न र यसको उद्देश्य प्राप्त गर्नका लागि प्रत्येक सदस्यको प्रतिनिधित्व हुने गरी एक सभाको स्थापना गर्नेछन् । सभाको मन्त्रिस्तरिय बैठक वार्षिक रुपमा आई एस ए मा आयोजना गरिनेछ । विशेष परिस्थितिमा पनि सभाको बैठक आयोजना गर्न सकिनेछ ।

२. मन्त्रिस्तरिय बैठकमा कार्यक्रमहरुको मूल्याङ्कन गर्न र उक्त कार्यक्रमहरुको कार्यान्वयन सम्बन्धी निर्णय गर्न तथा धारा ३(४) को उद्देश्य अगाडि बढाउनका लागि सभाका अलग-अलग बैठकहरु आयोजना गर्न सकिनेछ ।

३. सभाले आई एस ए अन्तर्गतका कार्यक्रम तथा अन्य क्रियाकलापहरु खासगरी सौर्य उर्जाको प्रयोग, यसले गरेको काम, विश्वसनीयता सहित लागत तथा लगानीको समग्र प्रभावको आंकलन गर्नेछ । यस्तो मूल्याङ्कनका आधारमा आई एस ए को उद्देश्य कार्यान्वयन गर्ने सम्बन्धमा पक्षहरुले आवश्यक निर्णय गर्नेछन् ।

४. सभाले महानिर्देशकको चयन र बजेटको अनुमोदन सहित आई एस ए को कामकाज सम्बन्धमा आवश्यक सम्पूर्ण निर्णय गर्नेछ ।

५. सभाका प्रत्येक सदस्यलाई एक/एक मतको अधिकार हुनेछ । पर्यवेक्षक तथा साझेदार संस्था मताधिकार बिना सहभागी हुन पाउनेछन् । कार्यविधिको प्रश्नमा उपस्थित भई मतदान गर्ने सदस्यहरुको सामान्य बहुमतद्वारा निर्णय गरिनेछ ।महत्वपूर्ण विषयमा उपस्थित भई मतदान गर्ने सदस्यहरुको दुई तिहाई बहुमतद्वारा निर्णय गरिनेछ । कुनै निश्चित कार्यक्रमका सम्बन्धमा निर्णय गर्नुपर्दा उक्त कार्यक्रममा सहभागी सदस्यहरुले निर्णय गर्नेछन् ।

६. नोभेम्बर ३०, २०१५ को अन्तर्राष्ट्रिय सौर्य गठबन्धन सम्बन्धी पेरिस घोषणाले गठन गरेको अन्तर्राष्ट्रिय निर्देशक समितिले गरेका सबै निर्णयहरु सभाको पहिलो बैठकमा पारित गर्नका लागि पेश गरिनेछ ।

## धारा ५

## सचिवालय

१. पक्षहरुले यस सम्झौता अन्तर्गत उनीहरुको सामूहिक कार्यमा सहयोग गर्न एक सचिवालयको स्थापना गर्नेछन् । सचिवालयमा प्रमुख कार्यकारी अधिकृतका रुपमा महानिर्देशक रहनेछ र आवश्यकता अनुसार अन्य कर्मचारी रहनेछन् ।

२. महानिर्देशकको चयन सभाले गर्नेछ र निज सभा प्रति जिम्मेवार रहनेछ । महानिर्देशकको कार्यावधि चार वर्षको हुनेछ र निज थप एक कार्यकालको लागि पुनः चयन हुन सक्नेछ ।

३. कर्मचारीको नियुक्ति, सचिवालयको कामकाज र स्रोत परिचालनको विषयमा महानिर्देशक सभा प्रति जिम्मेवार हुनेछ ।

४. सचिवालयले सभाको काम कारवाहिको लागि विषय तयार गर्नेछ र सभाले तोकिदिएका निर्णयहरु कार्यान्वयन गर्नेछ । सचिवालयले सभाको निर्णय पश्चात उक्त निर्णय कार्यान्वयन गर्न सदस्यहरुबीचमा समन्वय गर्ने सम्बन्धमा आवश्यक कदम लिने विषय सुनिश्चित गर्नेछ । अन्य विषयका अतिरिक्त सचिवालयले देहाय बमोजिमका कार्य गर्नेछः-

क) सभामा पेश गरिने कार्यक्रम प्रस्ताव तथा सिफारिस तयार गर्ने कार्यमा राष्ट्रिय सम्पर्क बिन्दुहरुलाई सहायता प्रदान गर्ने,

ख) कोष जम्मा गर्ने सहित प्रत्येक कार्यक्रमको कार्यान्वयनमा सदस्यहरुलाई मार्गदर्शन तथा सहायता प्रदान गर्ने,

ग) सभाको तर्फबाट वा कुनै कार्यक्रममा सहभागी सदस्यहरुको समूहको तर्फबाट अनुरोध भएमा सभा वा सदस्यहरुको समूहको तर्फबाट कार्य गर्ने, र खासगरी सान्दर्भिक सरोकारवालाहरुसँग सम्पर्क स्थापना गर्ने कार्य,

घ) सभाद्वारा अनुमोदित आई एस ए को कामकाज तथा सोको कार्यक्रमहरुका लागि सञ्चार, उपकरण तथा अन्तर आबद्ध क्रियाकलापको सबै माध्यम स्थापना तथा सञ्चालन गर्ने।

## धारा ६

## बजेट तथा वित्तीय स्रोत

१. सचिवालय र सभाको सञ्चालन खर्च र अन्य कामकाज तथा गतिविधिहरुलाई सहयोग पुऱ्याउने सबै खर्च आई एस ए को बजेटमा समावेश गरिनेछ । उक्त खर्च निम्नानुसार बेहोरिनेछः-

क) सदस्य, साझेदार राष्ट्र, संयुक्त राष्ट्र संघ तथा यसका निकायहरु र अन्य राष्ट्रबाट प्राप्त हुने स्वेच्छिक योगदान,

ख) निजी क्षेत्रको स्वेच्छिक योगदान । स्वार्थको द्वन्द्व हुने अवस्थामा योगदानको अनुमोदन तथा स्वीकृतिका लागि सचिवालयले उक्त विषय सभामा पेश गर्नेछ,

ग) सभाद्वारा अनुमोदित निश्चित गतिविधिद्वारा आर्जन हुने राजस्व ।

२. सचिवालयले आङ्गिक कोष (Corpus Fund) स्थापना गर्न तथा त्यसलाई अगाडि बढाउन सभा समक्ष प्रस्ताव पेश गर्नेछ जसबाट एक करोड साठी लाख अमेरिकी डलरको शुरुवाती अनुदान रकम सहित आई एस ए को बजेटका लागि राजस्व आर्जन गरिनेछ ।

३. भारत सरकारले कोष खडा गर्न, पूर्वाधार निर्माण गर्न तथा सन् २०१६-१७ देखि २०२०-२१ सम्म जम्मा पाँच वर्ष अवधिको नियमित खर्चका लागि दुई करोड सत्तरी लाख अमेरिकी डलर योगदान गर्नेछ ।यसका अतिरिक्त भारतीय उर्जा निगम (एसईसीआई) र भारतीय नवीकरण उर्जा विकास एजेन्सी नामक भारत सरकारको सार्वजनिक संस्थानहरुले आई एस ए कोष स्थापना गर्न दश-दश लाख अमेरिकी डलर योगदान गर्नेछन् ।

४. सामान्य बजेट अन्तर्गतको प्रशासनिक खर्च बाहेक कुनै निश्चित कार्यक्रम कार्यान्वयन गर्न आवश्यक वित्तीय स्रोतको आङ्कलन तथा परिचालन सचिवालयको सहायतामा उक्त कार्यक्रममा सहभागी राष्ट्रहरुले गर्नेछन् ।

५. कार्यक्रम बाहेक आई एस ए को वित्तीय तथा प्रशासनिक गतिविधिहरुलाई सभाद्वारा अनुमोदन गर्ने एक छुट्टै सम्झौता बमोजिम अन्य संस्थाद्वारा कार्यान्वयन गराउन सकिनेछ ।

६. आई एस ए को लेखा परीक्षण गर्न सभाको स्वीकृतिमा सचिवालयले एक बाह्य लेखापरीक्षक नियुक्त गर्न सक्नेछ ।

## धारा ७

## सदस्य तथा साझेदार राष्ट्र हैसियत

१. संयुक्त राष्ट्र संघका सदस्य राष्ट्र समेत रहेका कर्कट रेखा र मकर रेखाको बीचमा पूर्ण वा आशिंक रुपमा पर्ने त्यस्ता सौर्य स्रोतमा धनी राष्ट्रहरुलाई सदस्यता खुला रहनेछ । यस सम्झौतामा हस्ताक्षर गरी अनुमोदन, स्वीकृति वा समर्थनको लिखत पेश गर्ने त्यस्ता राष्ट्रहरु आई एस ए को सदस्य हुनेछन् ।

२. यस सम्झौतामा उल्लिखित उद्देश्य तथा गतिविधिहरुमा योगदान गर्न इच्छुक एवम् सक्षम, कर्कट रेखा र मकर रेखाभन्दा बाहिर पर्ने संयुक्त राष्ट्र संघका सदस्य राष्ट्रहरुलाई सभाले साझेदार राष्ट्रको हैसियत प्रदान गर्न सक्नेछ ।

३. कार्यक्रममा सहभागी सदस्यहरुको स्वीकृतिमा साझेदार राष्ट्रहरु आई एस ए को कार्यक्रमहरुमा सहभागी हुन सक्नेछन् ।

## धारा ८

## साझेदार संस्था

१. आई एस ए को उद्देश्य हासिल गर्न सहायता गर्न सक्ने क्षमता भएका संस्थाहरु, सार्वभौम राज्यहरुले स्थापना गरेको र कम्तिमा आई एस ए को एक सदस्य राष्ट्र सदस्य रहेको क्षेत्रीय अन्तरसरकारी आर्थिक एकीकृत संस्थाहरुलाई सभाले साझेदार संस्थाको हैसियत प्रदान गर्न सक्नेछ ।

२. कुनै निश्चित कार्यक्रमका सन्दर्भमा साझेदारी सम्पन्न गर्ने सम्बन्धी निर्णय सचिवालयको स्वीकृतिमा उक्त कार्यक्रममा सहभागी राष्ट्रहरुले गर्नेछन् ।

३. संयुक्त राष्ट्र संघ र यसका अंगहरु आई एस ए को रणनीतिक साझेदार हुनेछन् ।

## धारा ९

## पर्यवक्षक

सदस्यता वा साझेदारीका लागि निवेदन दिई विचाराधीन अवस्थामा रहेका निवेदक वा आई एस ए को हित एवम् उद्देश्य हासिल गर्न सहायता गर्न सक्ने कुनै संस्थालाई सभाले पर्यवक्षकको हैसियत प्रदान गर्न सक्नेछ ।

## धारा १०

## आई एस ए को हैसियत, सुविधा तथा उन्मुक्ति

१. आतिथ्य राष्ट्र सम्झौता अन्तर्गत आई एस ए सचिवालयको हैसियत कानूनी व्यक्ति सरहको हुनेछ । यसले करार गर्न सक्ने, चल अचल सम्पत्ति प्राप्त वा बेचबिखन गर्न सक्ने तथा कानूनी कारवाही अगाडि बढाउन सक्ने क्षमता राख्नेछ ।

२. सभाद्वारा स्वीकृत सोही आतिथ्य राष्ट्र सम्झौता अन्तर्गत आई एस ए सचिवालयले मुख्यालयमा स्वतन्त्र ढंगले काम गर्न र कार्यक्रम सञ्चालन गर्न आवश्यक त्यस्तो सुविधा, कर छुट तथा उन्मुक्ति प्राप्त गर्नेछ ।

३. प्रत्येक सदस्यको भू-भाग भित्र उक्त सदस्यको राष्ट्रिय कानूनको अधीनमा रही र आवश्यक देखिएमा एक छुट्टै सम्झौता बमोजिम आई एस ए सचिवालयले स्वतन्त्र ढंगले काम गर्न र कार्यक्रम सञ्चालन गर्न आवश्यक त्यस्तो सुविधा तथा उन्मुक्ति प्राप्त गर्न सक्नेछ ।

## धारा ११

## संशोधन तथा परित्याग

१. कुनै पनि सदस्यले यस सम्झौता लागू भएको एक वर्ष पश्चात सम्झौतामा संशोधन प्रस्ताव राख्न सक्नेछ ।

२. सम्झौतामा संशोधन गर्दा उपस्थित भई मतदान गर्ने सदस्यहरुको दुई तिहाई बहुमतले स्वीकृत गर्नुपर्नेछ । तत् तत् सदस्यहरुको संवैधानिक प्रक्रिया बमोजिम उक्त संशोधन स्वीकृत भएको जानकारी दुई तिहाई सदस्यहरुले गराएमा त्यस्तो संशोधन लागू हुनेछ ।

३. संग्रहकर्तालाई तीन महिनाको पूर्व सूचना दिई यस सम्झौताबाट कुनै पनि सदस्य फिर्ता हुन सक्नेछ । संग्रहकर्ताले फिर्ता सम्बन्धी त्यस्तो सूचनाका बारेमा अन्य सदस्यहरुलाई सूचित गर्नेछ ।

**धारा १२**

**आई एस ए को कार्यालय**

आई एस ए को प्रधान कार्यालय भारतमा रहनेछ ।

**धारा १३**

**हस्ताक्षर र लागू हुने**

१. राष्ट्रहरुको आ-आफ्नो संवैधानिक प्रक्रिया बमोजिम यस सम्झौताको अनुमोदन, स्वीकृति वा समर्थन गर्नेछन् ।अनुमोदन, स्वीकृति वा समर्थनको पन्ध्रौं लिखत दाखिला भएको तीसौं दिन देखि यो सम्झौता लागू हुनेछ ।

२. प्रस्तुत सम्झौता लागू भइसकेपछि अनुमोदन, स्वीकृति वा समर्थनको लिखत दाखिला गर्ने सदस्यको हकमा त्यस्तो लिखत दाखिला भएको तीसौं दिन देखि प्रस्तुत सम्झौता लागू हुनेछ ।

३. आई एस ए स्थापना भएसँगै अन्तर्राष्ट्रिय निर्देशक समितिको अस्तित्व समाप्त हुनेछ ।

**धारा १४**

**संग्रहकर्ता, दर्ता, प्रमाणीकरण**

१. गणतन्त्र भारतको सरकार प्रस्तुत सम्झौताको संग्रहकर्ताको रुपमा रहनेछ ।

२. प्रस्तुत सम्झौता संयुक्त राष्ट्र संघको धारा १०२ बमोजिम संग्रहकर्ताले दर्ता गर्नेछ ।

३. सम्झौताको प्रामाणित प्रतिहरु संग्रहकर्ताले पक्षहरुलाई पठाउनेछ ।

४. हिन्दी, अंग्रेजी र फ्रान्सेली भाषाका प्रतिहरु समान रुपले प्रामाणिक हुने यो सम्झौता संग्रहकर्ता समक्ष दाखिला गरिनेछ ।

जसको प्रमाण स्वरुप, रीतपूर्वक अख्तियारप्राप्त देहायका हस्ताक्षरकारीहरुले यस सम्झौतामा हस्ताक्षर गरेका छन् ।

आज......सन् २०१६.......का दिन दिल्लिमा सबै प्रतिहरु समान रुपले प्रामाणिक हुने गरी हिन्दी, अंग्रेजी र फ्रान्सेली भाषामा हस्ताक्षर सम्पन्न भयो ।